स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानले मुम्बईको चर्चित ग्यालेक्सी अपार्टमेन्ट छोड्न लागेको खबर पछिल्ला केही दिनदेखि चर्चामा छ। विभिन्न सञ्चारमाध्यममा सलमान परिवारसहित बान्द्रास्थित समुद्र किनारमा रहेको नयाँ घरमा सर्ने तयारीमा रहेको दाबी गरिएको थियो। तर, अब यस विषयको वास्तविकता सार्वजनिक भएको छ।

आजको विचार...



हुलाकको...
(दुई पेजमा)

गणेश अम्गाई



संगीतकार तथा गायक टंक बुढाथोकीको निर्देशनमा बन्न लागेको नयाँ फिल्म "मन बिनाको धन २"मा कलाकारको लाइनअप बलियो बनेको छ। पूजा शर्मा, महेश त्रिपाठी, सरोज खनाल, किरण केसी अनुबन्धित भइसकेको यस फिल्ममा अब अभिनेता विपिन कार्कीको प्रवेश भएको छ। मंगलबार उनीसँग निर्देशक बुढाथोकीले लिखित सम्झौता गरेका हुन्। फिल्ममा विपिनको भूमिकाबारे निर्माण पक्षले कुनै जानकारी गराएको छैन।

❒ वर्ष ३१ ❒ अंक ३३४ ❒ २०८३ असार १८ गते बिहीबार 2 July 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### शिक्षण केन्द्रको छत खस्दा १४ को मृत्यु

(रासस/एपी)

**लाहोर,** असार १७/पाकिस्तानको पूर्वी सहर लाहोरस्थित एक निजी शिक्षण केन्द्रमा निर्माणाधीन भवनको छत खस्दा कम्तीमा १४ जना विद्यालय उमेरका बालबालिकाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् । प्रहरीका अनुसार भग्नावशेषमा थप बालबालिका फसेको आशङ्कामा उद्धार कार्य जारी छ । घटनापछि शिक्षण केन्द्रका सञ्चालक र अर्का एक जनालाई पक्राउ गरिएको छ । वरिष्ठ प्रहरी अधिकारी फैसल कामरानका अनुसार पुरानो भवनमा सञ्चालन भइरहेको शिक्षण केन्द्रको अपूर्ण दोस्रो तलाको छत कमजोर निर्माणका कारण भत्किएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । घाइते बालबालिकाको अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए । छत खस्नेबित्तिकै एम्बुलेन्स, सुरक्षाकर्मी र उद्धार टोली घटनास्थलमा पुगेका थिए । स्थानीय बासिन्दाले पनि बेलचा र खाली हातले भग्नावशेष हटाउँदै फसेका बालबालिकाको खोजीमा सहयोग गरेका थिए । घटनापछि अस्पताल र शिक्षण केन्द्र रहेको क्षेत्रमा शोकको वातावरण छाएको छ । बालबालिकाको शव परिवारलाई बुझाइँदा आफन्तहरू भावविह्वल बनेका थिए । अधिकांश पीडित स्थानीय बासिन्दा भएकाले मंगलबार नै अन्त्येष्टि गरिने तयारी गरिएको थियो ।

# २३ स्थानीय तहले अझै ल्याएनन् बजेट

## तीन दिनभित्र सरकारले माग्यो स्पष्टीकरण

हाम्रा संवाददाता

**पाल्पा, असार १७/** असार १० भित्र सबै स्थानीय तहले आ-आना सभामा आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्था भए पनि अझै २३ वटा स्थानीय तहले बजेट पेस गरेका छैनन् । कतिपय दुर्गम क्षेत्रका स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुख नहुँदा बजेट आउन सकेको छैन भने कतिपयमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको विवाद कायम रहँदा निर्धारित समयमा बजेट प्रस्तुत हुन नसकेको जनाइएको छ ।

वार्षिक नीति, कार्यक्रम तथा बजेट तोकिएको समयभित्र सभामा पेस नगरेका २३ वटा स्थानीय तहसँग सरकारले स्पष्टीकरण मागेको छ । भूमि व्यवस्था, सहकारी, सैंय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट अझै पनि सभामा पेस नगरेका स्थानीय तहसँग स्पष्टीकरण मागेको हो । मन्त्रालयले पत्रमार्फत




विभिन्न गाउँपालिका र नगरपालिकालाई तीन दिनभित्र बजेट तर्जुमा प्रक्रियाको अवस्था र ढिलाइको कारण स्पष्ट पारेर विवरण पठाउन भनेको छ । पत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) असार १० गतेभित्र कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेस गर्नुपर्ने तथा असार मसान्तभित्र पारित गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको उल्लेख गरिएको छ । मन्त्रालयले आफ्नो पोर्टलमा प्रविष्ट विवरण तथा प्राप्त प्रतिवेदनका आधारमा केही स्थानीय तहले हालसम्म आव २०८३/८४ को बजेट कानुनले तोकेको समयसीमाभित्र पेस नगरेको देखिएकाले आवश्यक स्पष्टीकरण मागिएको जनाएको छ । पत्रमा बजेट तर्जुमा प्रक्रिया हाल कुन चरणमा रहेको, तोकिएको समयभित्र बजेट सभामा पेस गर्न नसक्नुको कारण के हो, तथा मन्त्रालयबाट थप समन्वय वा सहजीकरण आवश्यक भए सो समेत खुलाएर पत्र प्राप्त भएको मितिले तीन दिनभित्र जानकारी गराउन भनिएको छ । यसका साथै, असार मसान्तभित्र बजेट पारित गर्न सहज हुने गरी स्थानीय तहको सभाको आगामी कार्यतालिका समेत मन्त्रालयमा उपलब्ध गराउन अनुरोध गरिएको छ ।

समयमै बजेट नल्याउने पालिकालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने मूल्यांकनमा समेत असर गर्छ । समयमै बजेट नल्याउनेमा सबैभन्दा धेरै मधेस प्रदेशका पालिकाहरू छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा १ अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नुपर्छ । उपदफा ६ अनुसार भने सभाले उपदफा १ वा ५ बमोजिम पेस भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नुपर्नेछ ।

# श्रीमानले राखेको विद्युतीय पासोमा श्रीमती परेपछि ...



**गुल्मी,** असार १७/यहाँको धुर्कोट गाउँपालिका-५ मन्टारीमा जङ्गली जनावर धपाउनका लागि थापिएको विद्युतीय पासोमा परी एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धुर्कोट -५ निवासी ६० वर्षीया हुमकला भण्डारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक भीमकिरण बोगटीले जानकारी दिए । मंगलबार राति करिब १:३० बजेको समयमा घाइते भएकी भण्डारीलाई उपचारका लागि गुल्मी अस्पताल तम्घास ल्याइएकामा राति नै चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक बोगटीका अनुसार मृतक भण्डारीका श्रीमान् भेषराज भण्डारीले आफ्नै घरदेखि करिब १५० मिटर टाढा रहेको बारीमा जङ्गली जनावर (बँदेल) नियन्त्रण गर्ने उद्देश्यले बिजुलीको पोलबाट करेन्ट प्रवाह गरेर छाडेका थिए । मृतकका श्रीमानलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उक्त घटनाका बारेमा थप अनुसन्धानका लागि प्रहरी टोली बुधबार बिहानै घटनास्थल पुगेर थप अनुसन्धान गरिरहेको छ ।

# बसाइँसराइले रित्तिँदै गाउँ, गोरुको ठाउँमा किसानलाई कृषि औजार

**गुल्मी,** असार १७/पहिले गाउँका प्रत्येक घरघरमा खेतबारी जोत्नका लागि गोरु पाल्ने चलन थियो । खेतीपाती गर्नका लागि गोरु नै किसानको मुख्य सहारा थिए । आजभोली ति दिन विस्तारै सम्झनामा सीमित हुँदै गएको छ ।



गाउँका युवा रोजगारीका लागि सहर र विदेशतिर पसेका छन् । गाउँमा काम गर्ने मानिस अभाव छ । जसका कारण किसानले गोरु पाल्न विस्तारै छोडिसकेका छन् । यस्तै समयको गतिसँगै बदलिँदो ग्रामीण परिवशेको यथार्थ समस्यालाई मध्यनजर गर्दै मुसिकोट नगरपालिकाले किसानलाई यान्त्रिकीकरण मार्फत किसानलाई कृषि उत्पादनतर्फ उन्मुख गराउने प्रयास थालेको छ । नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ९० जना कृषकलाई ७५ प्रतिशत अनुदानमा कुटानी-पिसानी मिल र हाते ट्रयाक्टर वितरण गरेको छ । कृषिमा बढ्दो श्रम अभावको न्यूनीकरण, उत्पादन लागत घटाउने र समयको बचत गर्दै खेतीलाई थप व्यावसायिक बनाउने उद्देश्यले किसानहरुलाई उक्त प्रविधि हस्तानत्रण गरिएको नगरप्रमुख जीवलाल खरेल जीवनले बताए । उनले बसाइँसराइका कारण गाउँमा खेती गर्ने जनशक्ति घट्दै गएको, गोरु पाल्ने चलन पनि कम हुँदै गएकाले परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्नु अहिलेको आवश्यकता बनेको बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## खेलकुद पत्रकार दिवसको सन्देश

हरेक वर्ष जुलाई २ मा विश्व खेलकुद पत्रकार दिवस मनाइन्छ । खेलकुदको विकास, खेलाडीहरूको संघर्ष, प्रतियोगिताको निष्पक्ष सूचना प्रवाह तथा खेल संस्कृतिको प्रवर्द्धनमा खेलकुद पत्रकारहरूले पुऱ्याएको योगदानको सम्मानस्वरूप यो दिवस मनाइने गरिन्छ । खेलकुद वा स्पोर्टस विटमा कार्यरत पत्रकारहरुको लागि आजको दिनलाई विशेष दिनका रुपमा हेर्ने गरिन्छ । खेलकुद पत्रकारिता खेलकुदसँग सम्बन्धित समाचार रिपोर्टिङसँग सम्बन्धित पत्रकारिताको एउटा शाखा पनि हो । सबै खेल सम्बन्धित समाचार र घटनाहरू क्रमशः खेल पत्रकारहरुले कभर गरेको इतिहास छ । अहिले आएर डिजिटल युगमा खेलकुद पत्रकारिताको गति र माग निकै बढेको छ । यो सकारात्मक पक्ष हो तर यस्ता प्रतिस्पर्धात्मक समाचारहरू कभर गर्न ठूलो सीप र विशेषज्ञता चाहिन्छ । त्यो भने छैन । दिवस खेलकुद पत्रकारहरुलाई सम्मान गर्न र उनीहरुको कडा परिश्रमको कदर गर्न पहल गर्नु हो । तर त्यो हुन सकिरहेको छैन ।

सीमित स्रोत–साधन, पर्याप्त तालिमको अभाव, खेलकुदसम्बन्धी अनुसन्धानमूलक पत्रकारिताको कमी तथा ग्रामीण तहका प्रतिभाशाली खेलाडीहरूको समाचार राष्ट्रिय सञ्चारमाध्यमसम्म पुग्न नसक्नु जस्ता समस्या समाधान हुन बाँकी छन् । डिजिटल माध्यमको विस्तारसँगै सूचना छिटो प्रवाह हुने भए पनि समाचारको सत्यता पुष्टि गर्ने जिम्मेवारी अझ बढेको छ । विश्व खेलकुद पत्रकार दिवसले पत्रकारहरूलाई व्यावसायिक नैतिकता, निष्पक्षता र सत्यनिष्ठाप्रति थप प्रतिबद्ध बन्न प्रेरित गर्छ । साथै, सरकार, खेल संघ–संस्था र सञ्चारमाध्यमहरूले खेलकुद पत्रकारको क्षमता अभिवृद्धि, सुरक्षा र व्यावसायिक विकासमा आवश्यक लगानी गर्नुपर्ने आवश्यकता पनि यस दिवसले स्मरण गराउँछ । खेलाडीको सफलताको कथा होस् वा चुनौतीको यथार्थ, त्यसलाई समाजसम्म विश्वसनीय रूपमा पुऱ्याउने माध्यम खेलकुद पत्रकारिता नै हो । त्यसैले खेलकुदको समुचित विकासका लागि सक्षम, स्वतन्त्र र जिम्मेवार खेलकुद पत्रकारिताको प्रवर्द्धन आजको अपरिहार्य आवश्यकता हो । विश्व खेलकुद पत्रकार दिवसले यही सन्देशलाई आत्मसात् गर्दै खेलकुद र पत्रकारिताबीचको विश्वास,पारदर्शिता र उत्तरदायित्वलाई अझ सुदृढ बनाउने अवसर प्रदान गर्दछ ।

## Opinion @ Social Network

“मान्छेहरू अगाडि ‘तिम्रो भलो होस्’
भन्छन् र पछाडि ‘कहाँ यसले गर्न सक्छ र’ भन्दै हाँस्छन् ।
*(किरण कुवरडेको फेसबुक स्टाटसबाट www.facebook.com/Kiran.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हुलाकको पुनर्जन्मः आधुनिक राज्यको मेरुदण्ड



## गणेश अम्गाई

*आर्थिक गतिविधिमा पनि हुलाक सेवाले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नागरिकहरूले आफ्नो सानो पूँजी सुरक्षित राख्ने र सरकारले त्यस पूँजीलाई राष्ट्रिय विकासमा परिचालन गर्ने अवसर यसै माध्यमबाट प्राप्त हुन्छ । यस्तै, ई–कमर्स अर्थात् इलेक्ट्रोनिक व्यापारको प्रवर्द्धनका लागि हुलाकको ढुवानी सञ्जाल मेरुदण्ड साबित हुन सक्छ ।*

हुलाक सेवा राज्यको एउटा यस्तो आधारभूत र ऐतिहासिक संरचना हो जसले नागरिक र सरकारबीच सञ्चारको सेतुको रूपमा काम गर्दछ । परम्परागत रूपमा चिट्ठीपत्र ओसार-पसार गर्ने माध्यमको रूपमा मात्र बुझिने हुलाक सेवा आधुनिक समयमा सूचना प्रविधि, वित्तीय कारोबार र ढुवानी व्यवस्थापनको एक एकीकृत केन्द्र बन्दै गएको छ । राज्यका हरेक भूगोल, वर्ग र समुदायसम्म सहजै पहुँच पुर्याउन सक्ने यसको विशिष्ट क्षमताका कारण हुलाकलाई राज्यको सार्वभौमिक उपस्थिति जनाउने बलियो माध्यम मानिन्छ । बदलिदो वैश्विक र प्राविधिक परिवेशमा यसको कार्यशैलीमा व्यापक परिवर्तन आए तापनि यसको सान्दर्भिकता र रणनीतिक महत्त्व झनै बढेर गएको देखिन्छ । संघीय शासन प्रणाली अपनायाका मुलुकहरूमा हुलाक सेवाको व्यवस्थापन र सञ्चालनको जिम्मेवारी प्राय: केन्द्रीय वा संघ सरकारको कार्यक्षेत्रभित्र राख्ने गरिन्छ । नेपालको सन्दर्भमा पनि संविधानले हुलाक सेवालाई संघको अधिकारसूची भित्र राखेको छ । यसको मुख्य कारण राष्ट्रिय सुरक्षा, सञ्चारको गोपनीयता र अन्तर्राष्ट्रिय मञ्चमा प्रतिनिधित्वको एकरूपता सुनिश्चित गर्नु हो ।

विश्व हुलाक संघ जस्ता अन्तर्राष्ट्रिय निकायहरूसँगको समन्वय र विश्वव्यापी सन्धि सम्झौताहरूको कार्यान्वयनका लागि पनि हुलाक सेवालाई केन्द्रीय स्तरमै राख्न आवश्यक मानिन्छ । प्रादेशिक वा स्थानीय तहमा यसको संरचना विभाजन गर्दा सञ्चारको गुणस्तर, सुरक्षा र अन्तर-निकाय समन्वयमा जटिलता आउन सक्ने भएकाले नै संघीय संरचनामा यसको केन्द्रिकृत व्यवस्थापन गरिएको हो । वर्तमान युगमा हुलाक सेवा केवल कागजका पानाहरू ओसारपसार गर्ने परम्परागत दायराबाट माथि उठेर नागरिक केन्द्रित आधुनिक सेवाहरू प्रवाह गर्ने बहुआयामिक संस्था बनिसकेको छ। आधुनिक राज्यमा यसले इलेक्ट्रोनिक व्यापारका सामानहरूको ढुवानी, सुरक्षित वित्तीय सेवा (हुलाक बचत बैंक), राहदानी तथा महत्त्वपूर्ण सरकारी कागजातहरूको सुरक्षित वितरण, र सार्वजनिक सूचना प्रणालीको संवर्द्धन जस्ता महत्त्वपूर्ण जिम्मेवारीहरू सम्हाल्दै आएको छ । प्रविधिको विकाससँगै यस सेवालाई थप जिम्मेवार, विश्वसनीय र व्यावसायिक बनाउन राज्यले रणनीतिक कदमहरू चाल्नुपर्ने आवश्यकता छ । नागरिक र सरकारलाई प्रत्यक्ष जोड्ने भरपर्दो सरकारी सञ्जाल भएकाले यसको सुधार र सुदृढीकरण आधुनिक राज्यको विकासका लागि अपरिहार्य सर्त हो ।

### अधिकारक्षेत्र र आधुनिक दायित्वको विस्तार

हुलाक सेवाको क्षेत्राधिकार र कार्यक्षेत्र निकै फराकिलो र संवेदनशील प्रकृतिको हुन्छ। यस अन्तर्गत देशभरका र अन्तर्राष्ट्रिय स्तरका डाँक वस्तुहरूको संकलन, प्रशोधन, ढुवानी र वितरणको व्यवस्था पर्दछ । हुलाक सेवाले नागरिकका व्यक्तिगत तथा व्यावसायिक सञ्चारलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुर्याउने कानुनी अख्तियारी पाएको हुन्छ । यसको क्षेत्राधिकार भित्र चिट्ठीपत्र मात्र नभएर पार्सल, द्रुत डाँक सेवा, दर्ता किताब, पत्रपत्रिकाहरूको वितरण र अनलाइन किनमेल गरिएका सामानहरूको सुरक्षित ढुवानी समेत समेटिन्छन् । राज्यको सुरक्षा र नागरिकको गोपनीयतासँग जोडिएको हुनाले यो सेवा पूर्ण रूपमा कानुनी संरक्षण र नियमन भित्र सञ्चालित हुन्छ । हुलाक सेवालाई थप व्यावसायिक, जिम्मेवार र वित्तीय रूपमा सबल बनाउन यसलाई परम्परागत दायराबाट बाहिर निकालेर नयाँ आधुनिक जिम्मेवारीहरू सुम्पिनु अपरिहार्य भइसकेको छ। राज्यले अब हुलाकलाई राष्ट्रिय लजिस्टिक र ढुवानी व्यवस्थापनको केन्द्रीय संयन्त्रको रूपमा पुनर्संरचना गर्नुपर्छ । यस अन्तर्गत राज्यका सम्पूर्ण अंगहरू जस्तै विभिन्न मन्त्रालय, विभाग, अदालत र स्थानीय तहका आधिकारिक एवं संवेदनशील कागजातहरू ओसार-पसार गर्ने ‘एकमात्र आधिकारिक ढुवानी संयन्त्र’को रूपमा हुलाकलाई तोकिनुपर्दछ । यसले एकातिर हुलाकको व्यावसायिकता र आम्दानी बढाउँछ भने अर्कोतिर सरकारी सूचनाको गोपनीयता र सुरक्षा सुनिश्चित गर्दछ । यसका साथै, नागरिक केन्द्रित सेवाहरूको पहुँच विस्तार गर्न हुलाकलाई एकीकृत सेवा केन्द्रको रूपमा विकास गर्न सकिन्छ । राहदानी, चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र, भूमि सम्बन्धी लालपुर्जा र अदालतका म्याद वा फैसलाहरू नागरिकको घरदैलोमै सुरक्षित रूपमा वितरण गर्ने विशेष जिम्मेवारी हुलाकलाई सुम्पिन सकिन्छ । यस्तै, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुर्याउन हुलाक बचत बैंकलाई आधुनिक प्रविधियुक्त लघुवित्त वा राष्ट्रिय भुक्तानी प्रणालीसँग जोडेर सामाजिक सुरक्षा भत्ता वितरण, रेमिट्यान्स भुक्तानी र राजस्व संकलनको आधिकारिक माध्यम बनाउन सकिन्छ । स्थानीय उत्पादन र घरेलु उद्योगका सामग्रीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने ई-व्यापारको भरपर्दो ढुवानी साझेदारका रूपमा समेत हुलाकको भूमिका विस्तार गरिनुपर्दछ । आर्थिक गतिविधिमा पनि हुलाक सेवाले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। विशेष गरी ग्रामीण क्षेत्रमा बैंकिङ पहुँच नपुगेका नागरिकका लागि हुलाक बचत बैंकले वित्तीय समावेशीकरणमा ठूलो सघाउ पुर्याएको छ । नागरिकहरूले आफ्नो सानो पूँजी सुरक्षित राख्ने र सरकारले त्यस पूँजीलाई राष्ट्रिय विकासमा परिचालन गर्ने अवसर यसै माध्यमबाट प्राप्त हुन्छ । यस्तै, ई-कमर्स अर्थात् इलेक्ट्रोनिक व्यापारको प्रवर्द्धनका लागि हुलाकको ढुवानी सञ्जाल मेरुदण्ड साबित हुन सक्छ । साना तथा मझौला उद्योगीहरूले उत्पादन गरेका सामग्रीहरूलाई कम लागतमा बजारसम्म पुर्याउन यसले व्यापारिक सहजकर्ताको भूमिका निर्वाह गर्दछ । त्यसैले, हुलाक सेवालाई केवल घाटामा चल्ने एउटा सरकारी अङ्गको रूपमा हेरिनु हुँदैन । यो त राज्यको सार्वभौमिकता, सुरक्षा, नागरिक कल्याण र आर्थिक विकासको एक एकीकृत पूर्वाधार हो । यसको भौतिक सञ्जाल र जनशक्तिलाई उचित परिचालन गर्न सकेमा यसले राज्यको उत्पादकत्व बढाउन र सुशासन प्रवर्द्धन गर्न ठूलो मद्दत पुर्याउँछ । हुलाक सेवाको आधुनिकीकरण र यसको बहुआयामिक उपयोग नै वर्तमान समयमा राज्यको अर्थपूर्ण उपस्थिति जनाउने उत्तम विकल्प हो ।

### विश्वव्यापी अभ्यास र अन्तर्राष्ट्रिय मोडल

विश्व परिवेशलाई नियाल्दा हुलाक सेवाको सञ्चालन र व्यवस्थापनमा विभिन्न किसिमका मोडलहरू प्रयोगमा आएको देखिन्छ । पूर्ण रूपमा सरकारी स्वामित्वमा रहेका हुलाकदेखि, पूर्ण रूपमा निजीकरण गरिएका र सार्वजनिक-निजी साझेदारीमा आधारित मोडलहरू विश्वभर सफल रूपमा सञ्चालित छन् । जर्मनीको डच पोष्ट र बेलायतको रोयल मेल जस्ता संस्थाहरू निजीकरण र व्यावसायिकरणका उत्कृष्ट उदाहरणहरू हुन्, जसले विश्वव्यापी बजारमा आृनो प्रभुत्व जमाएका छन् । अर्कोतर्फ, धैरेजसो मुलुकहरूले हुलाकको सामाजिक उत्तरदायित्वलाई ध्यानमा राख्दै यसको स्वामित्व सरकारकै मातहतमा राखेर कार्यसञ्चालनमा भने निजी क्षेत्रका कुशल व्यवस्थाहरू अङ्गीकार गरेका छन् । निजी क्षेत्रसँगको सहकार्यका धेरै स्वरूपहरू विश्व बजारमा प्रचलनमा छन् । यस अन्तर्गत विशेष गरी पार्सल ढुवानी, हवाइ तथा स्थल यातायातको व्यवस्थापन, र सूचना प्रविधिको विकास जस्ता क्षेत्रमा निजी कम्पनीहरूसँग सम्झौता गर्ने गरिन्छ । हुलाकले आफ्नो देशव्यापी भौतिक सञ्जाल र विश्वसनीयता उपलब्ध गराउँछ भने निजी क्षेत्रले आफ्नो आधुनिक प्रविधि, व्यवस्थापकीय कुशलता र तीव्र कार्यक्षमता लगानी गर्दछ । यस्तो सहकार्यले सेवाको गुणस्तरमा गुणात्मक सुधार ल्याउनुका साथै हुलाक सेवालाई प्रतिस्पर्धी र नाफामूलक बनाउन सहयोग पुऱ्याएको विभिन्न अन्तर्राष्ट्रिय अध्ययनहरूले देखाएका छन् । पछिल्लो समयमा ई-कमर्सका ठूला कम्पनीहरूसँग हुलाक संस्थाहरूले गरेको रणनीतिक साझेदारी निकै प्रभावकारी सावित भएको छ । सामानहरूको अन्तिम विन्दुसम्मको वितरण कार्यमा हुलाकको ग्रामीण सञ्जाल अतुलनीय भएकाले निजी क्षेत्रका बहुराष्ट्रिय कम्पनीहरूले हुलाकसँग सहकार्य गरिरहेका छन् । यसले एकातिर सरकारी हुलाकको आम्दानी वृद्धि भएको छ भने अर्कोतिर निजी क्षेत्रको बजार विस्तारमा मद्दत पुगेको छ । यस प्रकारको सहकार्यले उपभोक्तालाई सस्तो, छिटो र भरपर्दो सेवा प्राप्त हुने वातावरण सिर्जना गरिदिएको छ । यद्यपि, हुलाक सेवामा निजी क्षेत्रको प्रवेश वा सहकार्यका आफ्नै सीमा र चुनौतीहरू पनि छन् । निजी क्षेत्रका कम्पनीको मुख्य उद्देश्य नाफा कमाउनु हुने भएकाले उनीहरूले नाफामूलक र सुगम क्षेत्रहरूमा मात्र बढी ध्यान दिने र दुर्गम तथा पिछडिएका क्षेत्रहरूलाई उपेक्षा गर्ने जोखिम सधै रहन्छ । न दरमा सेवा पुर्याउनु अनिवार्य हुन्छ ।

नेपाल सरकारले हुलाक सेवालाई निजी क्षेत्रको सहकार्यमा सञ्चालन गर्ने नीतिगत प्रक्रिया अगाडि बढाएसँगै यसको सुरक्षित र व्यावसायिक कार्यान्वयनका लागि कडा र विस्तृत कार्यसञ्चालन कार्यविधि (स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर्स) तर्जुमा गर्नु अनिवार्य पूर्वसर्त हो । निजी क्षेत्रलाई यसमा सहभागी गराउनु अगावै राज्यले **सुरक्षा र गोपनीयता प्रोटोकल, सेवाको गुणस्तर**

देशभरिका हुलाक कार्यालयहरूलाई आधुनिक सूचना प्रविधिसँग जोडेर ई-गभर्नेन्स, अनलाइन सेवाहरूको वितरण विन्दु र डिजिटल वित्तीय सेवाको केन्द्र बनाइनुपर्छ । कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, पूर्वाधारको आधुनिकीकरण गर्ने र हरेक पार्सलको अनलाइन ट्र्याकिङ प्रणाली अनिवार्य गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ । अन्त्यमा, निजी क्षेत्रसँगको सहकार्यको सवालमा सरकारले मध्यमार्गी र सन्तुलित रणनीति अपनाउनुपर्दछ । पूर्ण रूपमा निजीकरण गर्नुको सट्टा सार्वजनिक-निजी साझेदारीको स्पष्ट ढाँचा र कार्यविधि तयार गरी सुगम र व्यावसायिक क्षेत्रमा निजी क्षेत्रलाई सहभागी गराउने र दुर्गम क्षेत्रमा सरकार आफैंले सेवा सुनिश्चित गर्ने नीति लिनुपर्दछ । आम नागरिक, नागरिक समाज र सरकारले के बुझ्न जरुरी छ भने हुलाकको रूपान्तरण केवल व्यापारिक नाफाको विषय होइन, यो त राज्यको सुरक्षा, लोककल्याण र समतामूलक विकाससँग जोडिएको रणनीतिक क्षेत्र हो । यसलाई पारदर्शी, जवाफदेही र व्यावसायिक रूपमा सञ्चालन गरिएमा मात्र संघीय नेपालको सुशासन र समृद्धिमा यसले कोशेढुङ्गाको रूपमा काम गर्न सक्नेछ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै पुरानो विषयको वास्तविकता खुल्न सक्छ। कठिन अवस्था सहज बनाउनेछ। | **तुला**: मन रमाउने वातावरण बन्न सक्छ। सीप देखाउने अवसर पनि आउन सक्छ। |
| **वृष** : काममा अनुभव उपयोगी बन्नेछ। लक्ष्यतर्फ अघि बढ्ने राम्रो समय छ। | **वृश्चिक** : पुरानो साथी वा चिनजानको व्यक्तिबाट सहयोग मिल्न सक्छ। |
| **मिथुन** : मनका कुरा खुलेर गर्दा दूरी कम हुनेछ। आत्मविश्वास बढ्नेछ। | **धनु** :नयाँ महत्त्वपूर्ण निर्णय लिन मद्दत गर्न सक्छ।छोटो यात्रा सम्भावना देखिन्छ। |
| **कर्कट** : फराकिलो सोचले राम्रो निर्णय लिन मद्दत गर्नेछ। नयाँ अनुभवले मन तान्न सक्छ। | **मकर** : बिहानको समयमा केही काम योजना अनुसार नचलन सक्छ । |
| **सिंह** : राम्रो सफलता हात पर्न सक्छ। पुरानो साथीसँगको भेटले मन खुसी बनाउनेछ। | **कुम्भ** : निर्णय लिन ढिलाइ नगर्नु होला। काम फेरि अघि बढ्ने सम्भावना छ। |
| **कन्या** : आर्थिक विषयमा सन्तुलित राख्नु राम्रो हुनेछ।मेहनतको मूल्य बुझ्ने समय आउनेछ। | **मीन** : मनलाई हल्का बनाउने काममा समय दिनु लाभदायक रहनेछ। |




कथा — तोमनाथ उप्रेती

# रातले बिर्सिएको बालापन

रात फेरि झरेको थियो तर त्यो रात सामान्य थिएन । आकाशबाट शान्त अँध्यारो झरेको थिएन, बरु धुवाँ, बारुद र डरले भरिएको एउटा जीवित घाउ थियो । हावा पनि शान्त थिएन, कराइरहेको थियो । कहिले टाढा, कहिले नजिक । जस्तो आकाश आफैँ टुक्रिँदै रोइरहेको हो । चन्द्रमा देखिँदैनथ्यो, उसले आफ्नो अनुहार ढाकेको थियो । ताराहरू चम्किन छाडेका थिए । शायद उनीहरू पनि युद्धको आवाजले डराएर आकाशको कुनै कुनामा लुकिरहेका थिए । सिरियाको त्यो सानो गाउँ, नक्सामा कहिल्यै ठूलो अक्षरमा लेखिएको थिएन । तर आज त्यो गाउँ संसारको पीडाको केन्द्र बनेको थियो । त्यहाँ घरहरू थिए, तर घरजस्ता थिएनन् । भत्किएका पर्खालहरू, चिरा परेका छाना, आधा जलेका ढोका सबै कुरा मृत्युको स्मारकजस्तै उभिएका थिए । हरेक ढुंगाले केही भन्न खोज्थ्यो, तर शब्दहरू विस्फोटको आवाजमा हराइसकेका थिए । त्यही भग्नावशेषका बीचमा एउटा बालक बसेको थियो । नाम थियो युसुफ । उमेर केवल नौ वर्ष । तर आँखामा समयभन्दा भारी अनुभूति थियो जसले बालापन होइन, विनाश पढेको थियो । उसका आँखामा खेल मैदान थिएन, त्यहाँ धुवाँ थियो । कानमा लोरी होइन, विस्फोटको गर्जन थियो । हातमा कापी होइन, डरको धुलो थियो । उसले कहिल्यै बाल्यकाललाई चिनेको थिएन । उसको पहिलो स्मृति आमाको हाँसो होइन, बरु आकाश च्यातिने आवाज थियो । वर्णमाला सिक्नुभन्दा पहिले उसले "बच" शब्द चिनेको थियो । र "दौड" शब्द उसको जीवनको पहिलो आदेश बनेको थियो । त्यो गाउँमा हावा पनि बदलिएको थियो । पहिले त्यो हावाले जैतुनको बोटको सुवास ल्याउँथ्यो । अब त्यो हावाले जलेको काठ, धुवाँ र रगतको गन्ध ल्याउँथ्यो । युसुफले धेरै पटक नाक थुनेको थियो, तर गन्ध नरोकिने कुरा उसले धेरै पहिले बुझिसकेको थियो । युद्ध केवल कानले सुन्ने कुरा होइन, त्यो त शरीरभित्र पस्ने गन्ध हो । उसको घर कहिल्यै यस्तो मौन थिएन । पहिले बिहान आमा रोटी पकाउँथिन् । तन्दुरको तातोले घरलाई जीवन दिन्थ्यो । बुबा पुरानो रेडियोमा समाचार सुन्थे । बहिनी सानो स्वरमा गीत गाइरहन्थी । घर सानो थियो, तर जीवन ठूलो थियो । आँगनमा कबूतरहरू आउँथे । जैतुनको रुखले छाया दिन्थ्यो । तर त्यो संसार अब छैन । अब तन्दुर चिसो छ । रेडियो मौन छ । हाँसो हराएको छ । जैतुनको रुख आधा जलेको छ । र कबूतरहरू ? शायद उनीहरू पनि शान्ति खोज्दै टाढा उडिसकेका छन् । त्यो बिहान युसुफले अझै सम्झन्छ । आकाश अचानक कराएको थियो । पहिलो विस्फोट, दोस्रो, तेस्रो... अनि पूरा संसार टुक्रिएको जस्तो भयो । धुलो यति बाक्लो थियो कि सूर्य पनि हरायो । उसले आमाको आवाज सुनेको थियो "युसुफ... दौड..." तर त्यो आवाज पूरा हुन पाएन । भित्ताहरू ढले । घर भत्कियो । आकाश खस्यो । जब धुलो बसेको थियो, संसार उस्तै थिएन । उसले आमालाई खोज्यो । बुबालाई खोज्यो । बहिनीलाई खोज्यो । तर भेटियो केवल एउटा रातो स्कार्फ । त्यो स्कार्फमा पहिले फूल थिए । अब रगत छ । त्यो दिनदेखि युसुफले आँशु गन्न छोड्यो । किनकि आँशु पनि सीमित हुन्छन् । तर पीडा सीमित हुँदैन । भोक सकिँदैन । डर सकिँदैन । युद्ध सकिँदैन । र सम्झना... सम्झना त अझै गहिरो हुँदै जान्छ । अब ऊ भग्न घरको कुनामा सुत्थ्यो । आधा आकाश उसको छाना थियो । आधा धुवाँ उसको ओढ्ने । रातभर मुसाहरू दौडिन्थे । हावा चिसो भएर भित्र पस्थ्यो । हरेक आवाज उसका लागि मृत्युको संकेत थियो । निद्रा आउँथ्यो, तर सपना आउँदैनथ्यो । युद्धले बालबालिकाबाट सबैभन्दा पहिले सपना चोर्छ । बिहान ऊ भग्न विद्यालयतिर जान्थ्यो । त्यो विद्यालय अब विद्यालय थिएन । त्यो एउटा मौन समाधि थियो । भित्तामा अझै लेखिएको थियो "शान्ति ।" तर त्यही शब्दको तल गोलीको प्वाल थियो । युसुफले त्यो शब्द छोयो । उसलाई लाग्यो– मानिसहरूले शब्द त बनाउन सक्छन्, तर अर्थ जोगाउन सक्दैनन् । ऊ हरेक दिन एउटा पुरानो कापी बोकेर आउँथ्यो । त्यहाँ गणित थिएन । इतिहास थिएन । भूगोल थिएन । त्यहाँ केवल नामहरू थिए । उसका आमाबुबा । बहिनी । छिमेकीहरू । हराएका गाउँका मानिसहरू । हरेक नाम एउटा चिहान थियो । हरेक अक्षर एउटा चिच्याहट । एक दिन सहायता संस्था आयो । उनीहरूले रोटी बाँडे । औषधि बाँडे । कम्बल बाँडे । एक विदेशी महिलाले सोधिन्, "तिमीलाई के चाहिन्छ ?" युसुफले लामो समय केही बोलेन । उसले रोटी हेरेन । कम्बल हेरेन । उसले आकाश हेर्यो । अनि बिस्तारै भन्यो– "मलाई एउटा रात चाहिन्छ... जुन रातमा आकाश नकराओस् ।" त्यो शब्द सुनेर महिला रोइन् । तर युसुफ रोएन । किनकि धेरै रोएको मानिससँग आँशु बाँकी हुँदैन । त्यस साँझ सूर्य रगतजस्तै रातो भएर अस्तायो । युसुफ भग्न जैतुनको रुखमुनि बस्यो । माटो चिसो थियो । धुवाँ अझै आकाशमा तैरिरहेको थियो । उसले आफ्नो सानो हातले जमिन खन्यो । अनि एउटा सानो बीउ गाड्यो । किन ? उसलाई पनि थाहा थिएन । शायद युद्धभन्दा गहिरो केही कुरा उसको फदयमा बाँकी थियो । आशा । र आशा सधैँ सानो नै त हुन्छ, बीउजस्तै । तर त्यो बीउले कहिल्यै चिच्याउँदैन । त्यो चुपचाप बढ्छ । त्यो रात आकाश फेरि करायो । तर युसुफले पहिलो पटक त्यो आवाजलाई मात्र सुनेन, त्यसलाई पार गरेर केही देख्यो टाढा, धेरै टाढा, एउटा हरियो संसारको सम्भावना । र पहिलो पटक, धुवाँभित्र पनि उसको मनले बिस्तारै फुसफुसायो, "शायद, बिहान अझै मरेको छैन ।"

*-साहित्यपोस्ट डटकम*



*हावा चिसो भएर भित्र पस्थ्यो । हरेक आवाज उसका लागि मृत्युको संकेत थियो । निद्रा आउँथ्यो, तर सपना आउँदैनथ्यो । युद्धले बालबालिकाबाट सबैभन्दा पहिले सपना चोर्छ । बिहान ऊ भग्न विद्यालयतिर जान्थ्यो । त्यो विद्यालय अब विद्यालय थिएन । त्यो एउटा मौन समाधि थियो । भित्तामा अझै लेखिएको थियो "शान्ति ।" तर त्यही शब्दको तल गोलीको प्वाल थियो । युसुफले त्यो शब्द छोयो । उसलाई लाग्यो–मानिसहरूले शब्द त बनाउन सक्छन्, तर अर्थ जोगाउन सक्दैनन् । ऊ हरेक दिन एउटा पुरानो कापी बोकेर आउँथ्यो । त्यहाँ गणित थिएन । इतिहास थिएन ।*

निबन्ध — रमाकान्त शर्मा

# पानीसँग बगेको जीवन

कसैले भन्छन्– समयको प्रवाहसँगै बग्न सक्नुपर्छ । कोही भन्छन्– वास्तविक साहसी त्यो हो, जो समयको उल्टो धारमा पौडन सक्छ। खोलाको सुसाइ र पानीको बहावसँगै बग्न त सजिलो होला, तर प्रवाहको विपरीत पौडिनु निकै कठिन छ । यो त केवल ती कुशल पौडीबाजहरूले मात्र सक्छन्, जसमा अदम्य साहस र संकल्प हुन्छ । तर, कहिलेकाहीँ म सोच्छु– नबग्दा के हुन्छ ? अनि बग्दा के हुन्छ ? पानीको स्वभाव नै बहने हो, ऊ सधैँ ओरालोतिरै लाग्छ । मान्छे बग्ने भनेको सायद समयको गतिसँगै अघि बढ्नु हो । मेरो स्मृतिमा पानीसँगका यस्ता केही यादहरू छन्, जसले मलाई मृत्युको मुखबाट फर्काए र जीवनको परिभाषा सिकाए । हाम्रो गाउँ 'लाम्सु' दुबैतर्फ खोला भएको एउटा सानो थुम्कोमा छ । गाउँको पुछारमा दुईवटा खोलाहरू आपसमा मिसिन्छन्। उत्तरतर्फ सपाउदे खोला र दक्षिण पश्चिम ठूलो खोला । हिउँदमा ती खोला साना हुने भएपनि वर्षाको समयमा खोलाहरूले रौद्र रूप धारण गर्छन् । तिनीहरुले निकालेको गड्गडाहट आवजले हामी लाम्सु गाउँमा बस्नेहरुको बोली समेत चर्को हुन्थ्यो । म करिब चार वर्षको हुँदाको कुरा हो । आमा घाँस काट्न ठूलो खोला पारि जान लाग्नुभएको थियो । म पनि आमाको पछि लागे छु । आमाले मलाई एक दुई पटक घरमा फर्काउनु भएछ , त्यसपछि उहाँले ठान्नु भएहोला उ घरमा नै बस्छ । तर बालकको मन आमाको सामीप्य छाड्न कहाँ मान्थ्यो र ! म भने आमा भन्दा केहि पछाडि टुकुटुकु खोलाको किनारसम्म पुगेछु । आमा हतारमा खोला तरेर पारि पुग्नुभयो, म पनि आमाकै पदचाप पछ्याउँदै पानीमा पसेँ। वर्षाको त्यो उन्मत्त भेलले मलाई एकै निमेषमा तान्दै करिब पचास मिटर तल एउटा भुमरीमा पुर्‍यायो । मृत्यु मेरो निकै नजिक थियो। तर, त्यही बेला मेरो हातले एउटा विशाल र चिल्लो ढुङ्गा समात्न पुग्यो। त्यो ढुङ्गा मेरो लागि केवल ढुङ्गा थिएन, साक्षात् सहारा थियो। पानीमा डुबिरहेको मेरो हातले ढुङ्गा छुन सक्यो । त्यसपछि अर्को हात र शरीर पनि ढुङ्गा तिरै लगें । शरीरले त्यसैको आडमा प्राण पायो। आज सोच्छु, यदि त्यो 'पहेंलो अखेटो' परेको ढुङ्गा त्यहाँ नभएको भए, मेरो जीवनको कथा त्यहीँ पूर्णविराम लाग्ने थियो । १४-१५ वर्षको उमेरमा अर्को पटक फेरि खोलाले मलाई परीक्षा लियो। पारीको खेतबाट बोकेर ल्याएको मकैको भारी खोलाको किनारमा अढ्याए । नुवाइ धुवाइ गर्न खोलामा पुगें । खोलाको तिरको एक ढुङ्गोमा बसेर मुख धुँदै गर्दा खुट्टा चिप्लियो र म फेरि भेलको चपेटामा परेँ। तीस मिटर तल पुगेपछि एउटा ओडार जस्तो ढुङ्गाले मलाई फेरि काख दियो। खोला जति कठोर छ, त्यति नै दयालु पनि रहेछ । उसले कहिले बगायो त कहिले ढुङ्गाको सहारा दिएर बचायो पनि । शिक्षा आर्जन गर्ने बाटो हाम्रा लागि कहिल्यै सहज रहेन । कक्षा ८ मा पढ्न जनता माध्यमिक विद्यालय, सर्कुवा जानु हाम्रा लागि केवल दूरी पार गर्नु मात्र थिएन, 'ठेउले खोला' सँगको दैनिक पौठेजोरी पनि थियो । हिउँदमा शान्त देखिने त्यो खोला वर्षा सुरु भएसँगै हाम्रो जीवनकै एउटा कठोर परीक्षा बनिदिन्थ्यो । असार र साउनको बिदा त घरमै बित्थ्यो, तर जेठको सुरुवातमै बादल गर्जन थाल्दा र भदौको झरीले खोला सुसाउँदा हाम्रो मनमा एउटा अज्ञात भयले डेरा जमाउँथ्यो । एउ वर्षको एक दिनको घटना अझै मानसपटलमा ताजा छ ।

*खोलामा अलि फैलिएको जगार जस्तो परेको स्थानको नजिक पुग्यौं र हामीले आफ्ना जुत्ता, पाइन्ट र कमिज फुकालेर झोलाभित्र कोचौँ । ती झोलाहरूलाई टाउकोमा बाँधेर एकअर्काको हात दह्रो गरी समात्दै हामी धमिलो र उर्लिएको पानीमा होमियाँ । खोलाको बीचतिर पुग्दा पानीको बहाव यति तीव्र थियो कि हेर्दाहेर्दै देवलधारका एक साथी पल्टिए, उनको झोला पानीले निल्यो। तर, झोला समात्ने होस कसलाई हुनु ? सबैको ध्यान ज्यान जोगाउनमै थियो ।*

असारको पहिलो हप्ता, दिनरातको अविरल वर्षाले खोलानाला बौलाएका थिए । तर, हाम्रो अर्धवार्षिक परीक्षा थियो– जसरी पनि पुग्नै पर्ने राङ्गानी र पैन्यूको हाम्रो ठूलै टोली झोलुङ्गे पुलको बाटो छाडेर छोटो बाटोबाटै खोला तर्ने जोखिम मोल्न तयार भयौँ । किनकि, पुलको बाटो जाँदा थप एक घण्टा लाग्थ्यो । खोला तरेपछि पनि हामी मादीको उकालोमा दौडेदा पनि एकघण्टा भन्दा कम समयमा पुग्न सम्भव थिएन । परीक्षा छुट्ने पक्का थियो । खोलामा अलि फैलिएको जगार जस्तो परेको स्थानको नजिक पुग्यौं र हामीले आफ्ना जुत्ता, पाइन्ट र कमिज फुकालेर झोलाभित्र कोचौँ । ती झोलाहरूलाई टाउकोमा बाँधेर एकअर्काको हात दह्रो गरी समात्दै हामी धमिलो र उर्लिएको पानीमा होमियाँ। खोलाको बीचतिर पुग्दा पानीको बहाव यति तीव्र थियो कि हेर्दाहेर्दै देवलधारका एक साथी पल्टिए, उनको झोला पानीले निल्यो। तर, झोला समात्ने होस कसलाई हुनु ? सबैको ध्यान ज्यान जोगाउनमै थियो । त्यही मुस्लोको बीचमा मेरो ठूलोबाको छोरा दयाराम अचानक चिप्लियो । पानीको वेगले उसलाई क्षणभरमै गुटमुटायो । उसले पानीमा हातपाउ छटपटाउँदै गर्दा देखिएका ती 'पहेंला पैतला' को दृश्य सम्झँदा अहिले पनि मुटु काँप्छ । तत्कालै, किनार नजिकै पुगिसकेका लेखनाथले आफ्नो झोला हुत्याएर दयारामको खुट्टा समात्न सफल भए। दुवैजना केही मिटरसम्म बगे, तर मौकाले दुबै किनार लाग्न सफल भए । हामी सबै मिलेर उनीहरूलाई पानीबाट बाहिर तान्यौं । दयारामको ज्यान बच्यो । देवालधारे साथीको सबैथोक खोलाले लग्यो । लाहुरे बुवाले ल्याइदिएको घडी र कपडा भएको झोला अब खोलाको भेलसँगै कता पुग्यो, पत्तो भएन । शरीरमा एउटा कट्टु मात्र बाँकी रहेका उनलाई हामीले आफूसँग भएका थप कपडा दिएर लाज ढाक्न मद्दत गर्‍यौँ। कपडा र घडी हराएकोमा भन्दा पनि एउटा साथीलाई मृत्युको मुखबाट फर्काउन सकेकोमा हामी सबैको मनमा एउटा अनौठो खुसी र सन्तोष थियो । जीवनको अर्को एउटा अविस्मरणीय मोड 'विराउनीको दह' मा आइपुग्यो । कक्षा ९ मा पढ्दा साथीहरूसँग कुश्मीसेरा घुम्न जाँदा निलो र गहिरो दहमा हामफाल्ने हिम्मत गरेँ । तर, पौडीमा उति अभ्यस्त नभएको म पानीको भुमरीमा फसेँ । जति हात पाउ चलाए पनि म भित्र-भित्रै भासिँदै गएँ। श्वास रोकिएर निलो भइसकेको मलाई मेरा मामा झलक शर्माले साहसी बनेर बचाउनुभयो । उहाँको त्यो सहयोगले मलाई एउटा ठूलो पाठ सिकायो– "सहारा तब मात्र काम लाग्छ, जब मान्छे आफैँले पनि बाँच्ने प्रयास गर्छ ।" पछि म आफैँ खोला तार्ने 'सहयोगी' बनेँ । लेकबाट झर्ने वृद्धवृद्धा र महिलाहरूलाई हात समातेर खोला तार्दा मैले एउटा कुरा महसुस गरेँ– जसले आफ्ना खुट्टा दरिलो गरी टेक्छन्, उनीहरू सजिलै पार हुन्छन् । तर, जो डरले बीचमै खुट्टा लल्याकलुलुक पार्छन्, उनीहरू आफैँ पनि पल्टिन्छन् र तार्नेलाई पनि सँगै लैजान्छन् । खोला र बाढीको यो भयावह शृङ्खला मेरो विद्यार्थी जीवनको उत्तरार्धसम्म पनि जारी नै रह्यो । पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रमाणपत्र तह पढ्दै गर्दा एकपटक साउनको झरीमा खल्ती रित्तियो । सहरमा खर्च सकिएपछि गाउँबाट रासन र पैसा ल्याउनुको विकल्प थिएन । आखिर, त्यो जोखिमपूर्ण यात्राको भारी मेरो काँधमा आइपर्‍यो। पोखराबाट नागडाँडा हुँदै ओरालो झरेपछि सेतीदोभानदेखि कार्किनेटा फेदीसम्मको यात्रामा 'आँधिखोला' सँग पटक-पटक सामाना गर्नुपर्थ्यो । धार्मिक मिथक अनुसार श्रवणकुमारले आफ्ना दृष्टिविहीन आमाबाबुलाई तीर्थ गराउन बोकेर हिँड्दा, उनका आँसुबाट यो खोला जन्मिएको हो भनिन्छ । तर, साउनको त्यो झरीमा आँधिखोला 'आँसु' जस्तो कोमल थिएन, बरु एउटा भयानक गर्जनसहित उर्लिरहेको थियो । सेतीदोभानमा केही चिनी, चियापत्ती र आवश्यक सामग्री झोलामा कोचेर म अघि बढेँ । आकाशबाट अविरल वर्षा बर्सिरहेको थियो । बीच बाटोमा बास बस्न खल्तीमा दाम थिएन, र नहिँडी भोलिपल्ट घर पुग्ने सामर्थ्य पनि थिएन । एउटा सामान्य प्लास्टिक किनेर टाउकोदेखि कम्मरसम्म ओढेँ र आँधिखोलाको जंघार खोज्दै पानीमा पसेँ । आँधिखोला, हाम्रो गाउँको 'ठूलो खोला' वा 'ठेउले खोला' जस्तो ठाडो र भिरालो त थिएन, तर यसको गहिराइ र चौडाइले मुटु कमाउँथ्यो । एउटा मोडमा खुट्टा चिप्लियो, म पानीमा पछारिएँ । धन्यै, खोला समथर बग्ने भएकाले म त बगिनँ, तर मेरो झोला र आङका लुगा लुछुप्पै भिजे । मसँग फेर्ने अर्को जोर लुगा थिएन । साउनको त्यो चिसो झरी, भिजेका लुगा र रित्तो पेट–कष्टको त्यो यात्रा वर्णन गर्न शब्दहरू कम पर्छन् । त्यही भिजेकै कपडामा दिनभरि हिँडिरहेँ । शरीरको तातोले बिस्तारै कपडा सुक्दै गए । कष्टका साथ कार्किनेटको उकालो, शंकरपोखरी र कालिगण्डकीको ओरालो छिचोल्दै जब भोलिपल्ट बिहान घर पुगेर तातो भातको गाँस मुखमा हालेँ, तब मलाई महसुस भयो– जीवन केवल बग्नु मात्र होइन, बरु विपरीत धारसँग लड्दै आफ्नो गन्तव्यसम्म पुग्ने साहस पनि रहेछ । आज फर्केर हेर्दा लाग्छ, म पानीसँग बग्न त जानेँ, तर समुद्रसम्म पुग्न सकिनँ । न त समुद्रको गहिराइमा पुगेर मोती नै टिप्न सकेँ । मेरो जीवन कहिले खहरेजस्तो उर्लियो त कहिले शान्त दहजस्तो मौन रह्यो । खोलाले मलाई सिकाएको सबैभन्दा ठूलो सत्य यही हो–जीवन बग्नुको नाम हो, र हरेक बहावमा एउटा नयाँ सैर्ष लुकेको हुन्छ ।

*-समकालीन साहित्य डटकम*

# आज विश्व खेलकुद पत्रकार दिवस मनाइँदै




**पाल्पा,** असार १७/आज विश्वभर विभिन्न कार्यक्रमका साथ विश्व खेलकुद पत्रकार दिवस मनाइँदै छ । खेल पत्रकारिताको महत्व, निष्पक्ष समाचार सम्प्रेषण तथा खेलकुद क्षेत्रको विकासमा पत्रकारहरूको योगदानको सम्मान गर्दै हरेक वर्ष जुलाई २ तारिख यो दिवस मनाइन्छ ।

यस अवसरमा विभिन्न देशका खेल पत्रकार संगठनहरूले अन्तरक्रिया, सम्मान कार्यक्रम, सेमिनार तथा खेल पत्रकारितासम्बन्धी छलफल आयोजना गर्दै छन् । खेलकुद पत्रकार दिवस सन् १९९४ बाट मनाउन थालिएको पाइन्छ । सन् १९२४ मा बेलायतमा अन्तर्राष्ट्रिय खेलकुद प्रेस संघ (एआइपिस) स्थापना भएको दिनको स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । पेरिसमा सम्पन्न भएको ओलम्पिकको अवसरमा एकै थलोमा भेला भएका खेल पत्रकारहरू मिलेर ९७ वर्षअघि एआइपीएसको स्थापना गरेका थिए । नेपालले सन २००६ मा एआइपिएसको सदस्यता लिएको थियो । अहिले हरेक सञ्चारगृहमा स्पोर्टस एउटा अपरिहार्य विट बनिसकेको छ । खेलकुदका समाचार विना कुनै पनि सञ्चार गृहबाट प्रसारण वा प्रकाशन हुने समाचार पूर्ण हुँदैनन् । विगतमा निकै थोरै संख्यामा मात्र खेलकुद पत्रकारहरु थिए । अहिले सञ्चारमाध्यमको विकास र सञ्चार गृहको संख्या वृद्धि भएसँगै खेलकुद पत्रकारहरु पनि धेरै संख्यामा देखिन थालेका छन् । हरेक मिडिया हाउसको लागि खेलकुद नभइ नहुने विट त बन्यो, तर पनि नेपालको पत्रकारिता राजनीतिमा बढी केन्द्रीत रहँदा खेलकुद क्षेत्रका समाचारहरु भने छायाँमा पर्ने गरेका छन् । सबै खेल सम्बन्धित समाचार र घटनाहरू क्रमश: खेल पत्रकारहरुले कभर गरेको इतिहास छ । अहिले आएर डिजिटल युगमा खेलकुद पत्रकारिताको गति र माग निकै बढेको छ ।

# 'सार्वजनिक सम्पत्ति संरक्षण आवश्यक'

**देवदह (रूपन्देही),** असार १७/स्थानीय तहले सार्वजनिक सम्पत्ति संरक्षण गर्न आवश्यक भएकामा जोड दिइएको छ । रूपन्देहीको रोहिणी गाउँपालिकावासीले स्थानीय तहमा सञ्चालित हाटबजारहरूको अनुगमन गर्न समेत आग्रह गरेका छन् ।

रोहिणी-४ का सञ्जयकुमार गुप्ताले धकधई बजारलाई व्यवस्थित गर्न आग्रह गरे । "उपभोक्ता ठगिनु हुँदैन । यसका लागि बजार अनुगमन गर्नुपर्छ", उनले भने । गाउँपालिकावासीलाई शुद्ध खानेपानीको व्यवस्था गर्न 'एक घर, एक धारा' को व्यवस्था गर्नुपर्नेमा गुप्ताले जोड दिए । स्थानीय सतिशचन्द्र मिश्राले सँैय सरकारले थालेका योजना सम्पन्न गर्न स्थानीय तहले पहल गर्नुपर्ने बताए । उनले ताल, पोखरीलगायत सार्वजनिक सम्पत्ति संरक्षणमा ध्यान दिन आग्रह गर्दै शिक्षाको विकासमा समेत ध्यान दिनुपर्ने बताए । सो अवसरमा गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले सार्वजनिक सम्पत्ति संरक्षणलाई गाउँपालिकाले प्राथमिकतामा राखेर काम गरिरहेको बताए । उनले विगत र अहिलेको तुलना गर्दा धेरै परिवर्तन भएको बताए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतबहादुर बस्नेतले बजारमा देखिएका समस्या समाधान गर्न अनुगमनलाई निरन्तरता दिइने बताए । उनले सार्वजनिक सम्पत्ति संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएको बताए । *-रासस*

# बसाइँसराइले रित्तिँदै गाउँ...

...मुसिकोट(२ का किसान बुद्धीराम खरेलले भने, "गाउँमा अहिले गोरु पाल्न सम्भव छैन, खेत जोत्नका लागि मान्छे खोज्दा भेटिँदैनन्, यस्तो अवस्थामा आफूले थोरै लगानी गरेर अनुदानमा हाते ट्याक्टर पाउँदा निकै खुसी लागेको छ ।"

हाते ट्याक्टर र कुटानी-पिसानी मिलले किसानको श्रम, समय र लागत कम हुने तथा बाँझो जमिनको उपयोग बढाउन मद्दत पुग्नेछ । पचहत्तर प्रतिशत अनुदानमा मेसिनरी औजार प्राप्त गरेपछि कृषकहरू पनि उत्साहित देखिएका छन् । अर्का कृषक कृष्णकुमारी कार्कीले कुटानी-पिसानी मिलले आफूलाई घरमै अन्न पिस्न सजिलो हुने भएको भन्दै यसले समय र ढुवानी खर्चमा समेत बचत हुने बताइन् । नगरपालिकाकी कृषि प्राविधिक अस्मिता आचार्यले कृषकले औजारको सही प्रयोग र नियमित मर्मतसम्भारमा ध्यान पुर्‍याउन सकेका यसबाट लामो समयसम्म फाइदा लिन सकिने बताइन् । गाउँ रित्तिँदै गएको वर्तमान अवस्थामा मुसिकोट नगरपालिकाले गाउँमा बाँकी रहेका किसानलाई आधुनिक प्रविधिमार्फत कृषि पेसालाई टिकाइराख्न यस्ता प्रकारका आधुनिक यान्त्रिकीकरण वितरणबाट थप मद्दत पुग्ने अपेक्षा गरिएको जनाएको छ । *-रासस*

## खेलकुद समाचार

### फ्रान्स र नर्वे विश्वकप फुटबलको अन्तिम १६ मा



**काठमाडौं**, असार १७/फिफा विश्वकप फुटबलमा फ्रान्स र नर्वे अन्तिम १६ मा पुगेका छन् । बुधबार भएको खेलमा फ्रान्सले स्विडेनलाई ३ गोलले हराउँदा गएराति भएको खेलमा नर्वेले आइभरी कोस्टलाई २-१ ले पराजित गरेको हो । नर्वेको जीतमा एर्लिङ हालान्ड र नुसाले गोल गरे । खेल सकिन चार मिनेट बाँकी रहँदा हालान्डले प्याट्रिक बर्गको पासलाई गोलमा परिणत गर्दै नर्वेलाई जीत दिलाए । यसअघि खेलको ३९औँ मिनेटमा एन्टोनियो नुसाले नर्वेलाई अग्रता दिलाएका थिए । तर ७४औँ मिनेटमा अमाद डियालोले बराबरी गोल फर्काएपछि खेल रोमाञ्चक बनेको थियो । हालान्डले प्रतियोगितामा तीन खेलमा पाँच गोल गरेका छन् । अब नर्वेले अन्तिम १६ मा ब्राजिलसँग प्रतिस्पर्धा गर्नेछ । बुधबार भएको अर्को खेलमा फ्रान्सले स्विडेनमाथि सहज जित निकाल्दै अन्तिम १६ मा स्थान बनाएको हो । फ्रान्सको जितमा किलियन एमबाप्पेले दुई तथा ब्राडली बार्कोलाले एक गोल गरे । एमबाप्पेले ४५औं र ७४औं मिनेटमा तथा ब्राडली बार्कोलाले खेलको ५३औं मिनेटमा गोल गरे । यस वर्षको विश्वकपमा एम्बाप्पेको गोल संख्या ६ पुगेको छ । एमबाप्पेले यो विश्वकपमा सर्वाधिक गोल गर्ने अर्जेन्टिनाका मेसीसँग बराबरी गरेका छन् । विश्वकपमा कुल १८ गोलसहित उनी मेस्सीभन्दा एक गोलले मात्र पछाडि छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** असार १७/नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटाएको छ । निगमको सञ्चालक समितिको मंगलबार बसेको बैठकले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घटेर आएपछि बुधबार बिहान १२:०१ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्य घटाएको हो ।

निगमले पेट्रोलमा प्रतिलिटर रु २०, डिजेल र मट्टितेलमा प्रतिलिटर रु ३० ले मूल्य घटाएको छ । यस्तै, हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर रु ४० र हवाई इन्धन (अन्तरराष्ट्रियतर्फ) काठमाडौँका लागि प्रतिकिलोलिटर अमेरिकी डलर २६५ ले घटाइएको छ । खाना पकाउने एलपी ग्यासको मूल्यमा प्रतिसिलिन्डर रु १०० कटौती गरिएको छ । नयाँ मूल्यसूचीअनुसार तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायलमा अब पेट्रोलको मूल्य प्रतिलिटर रु १९७ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर रु १९५ कायम भएको छ । यसअघि यी क्षेत्रमा पेट्रोल प्रतिलिटर रु २१७ र डिजेल प्रतिलिटर रु २२५ रहेको थियो । यसैगरी, पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोल प्रतिलिटर रु १९४.५० र डिजेल प्रतिलिटर रु १९२.५० कायम गरिएको छ । दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर रु १९६ र डिजेलको मूल्य रु १९४ तोकिएको छ । हवाई इन्धन (आन्तरिक) को नयाँ मूल्य प्रतिलिटर रु २२९ कायम भएको छ । यस्तै, अन्तरराष्ट्रिय हवाई इन्धनको मूल्य काठमाडौँका लागि अमेरिकी डलर १,५६६, पोखराका लागि डलर एक हजार १०० र भैरहवाका लागि डलर एक हजार ०८५ प्रतिकिलोलिटर कायम गरिएको छ । मूल्य कटौती भएसँगै उपभोक्ताले खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर (१४.२ किलोग्राम) अब रु दुई हजार ६० मा प्राप्त गर्ने छन् । यसअघि ग्यासको मूल्य प्रतिसिलिन्डर रु दुई हजार १६० रहेको थियो । २८ फेब्रुअरीयता पश्चिम एसियामा जारी द्वन्द्वका कारण कच्चा तेलको मूल्य बढेपछि नेपालमा पनि इन्धनको मूल्य बढेको थियो । तर अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घटे पनि निगमले नघटाएको भन्दै आलोचनासमेत सुरु हुन थालेको थियो । पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजार मूल्यमा आएको सुधारस्वरुप इण्डियन आयल कर्पोरेशनबाट मंगलबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल, डिजेल र हवाई इन्धन तथा एलपी ग्यासमा समेत घटेर आएको निगमले जनाएको छ ।

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

श्री पाल्पा रारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड पाल्पाको लागि लेखापाल र फिल्ड संयोजक पदमा कर्मचारी आवश्यक भएकोले इच्छुक र तोकिएको योग्यता पुगेका नेपाली नागरिकले २०८३/०३/३२ गते भित्र नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, पासपोर्ट साइजको फोटो दुई थान सहित हस्तलिखित निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।
*(विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरीएको छ ।)*

श्री पाल्पा रारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
तानसेन, पाल्पा

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई